# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, चैत ५ गते २०४१ साल (संख्या ४८

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) (तेस्रो संशोधन) नियम, २०४१

नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) नियम, २०१४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ (११) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) (तेस्रो संशोधन) नियम, २०४१" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) नियम, २०१४ को प्रस्तावनामा संशोधनः

नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) नियम, २०१४ (यसपछि "मूल नियमावली" भनिएको) को प्रस्तावनामा रहेको "नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ (६)" भन्ने शब्द र अङ्कहरूको सट्टा "नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ (११)" भन्ने शब्द र अङ्कहरू राखिएका छन्।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को,–

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख १) र (ख २) थपिएका छन्:–

"(ख १) "दर्ता भएको नोट" भन्नाले एकसयभन्दा माथिल्लो दरको करेन्सी नोट सम्झनुपर्छ।"

६९३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख २) "दर्ता नभएको नोट" भन्नाले दर्ता भएको नोटबाहेक अन्य करेन्सी नोट सम्झनुपर्छ ।"

(२) खण्ड (ग) मा रहेको "सिलसिलेवार अक्षर र सिलसिलेवार अङ्कलाई" भन्ने शब्दहरूको सट्टा "सिलसिलेवार नम्बर सहितको नोटको सम्पूर्ण नम्बर" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (घ) मा रहेको "ठाडो किसिमसँग टुक्रिएको नोटलाई" भन्ने शब्दहरूको सट्टा "ठाडो वा तेर्सो किसिमसँग टुक्रिएको दुई भागमध्ये पूरा साबूत रहेको कुनै एक भाग" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (छ) मा रहेको "कुनै नोटको कुनै हिस्सा गायब भएको" भन्ने शब्दहरू पछि "वा एउटै नोटको विभिन्न टुक्रा जोडिएको" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) कुनै फाटेको नोटको सट्टा भर्नाको देहायबमोजिम दावी परेमा देहायबमोजिम गरिनेछः–

(क) दर्ता नभएको दुईतर्फ नम्बर भएको नोटको हकमा नोटको पूरा नम्बर यकीन हुने गरी नोटको आधाभन्दा बढी भाग पेश गरेमा वा नम्बर यकीन गर्न नसकिने भए तापनि नोटको दुवैतर्फको नम्बर छापिएको साबूत पूरा भाग पेश गरेमा र एकतर्फ मात्र नम्बर भएको नोटहरूको पूरा नम्बर भएको आधाभन्दा कम भाग पेश गरेमा पनि पूरै मूल्य भुक्तानी दिइनेछ ।

(ख) दर्ता भएको नोटको हकमा नोटको पूरा नम्बर यकीन हुनेगरी नोटको आधाभन्दा बढी भाग पेश गरेमा पूरा मूल्य भुक्तानी दिइनेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम सट्टा भर्ना दिंदा नोटको बाँकी भागबाट भुक्तानी हुने वा नहुने तथ्यको यकीन सामान्य सोचाइबाट गरिनेछ ।

(घ) यस नियमबमोजिम सट्टा भर्ना दिने अधिकारीले दोहोरो भुक्तानी नजाने व्यवस्था गर्नुपर्नेछ ।"

५. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दुवैतर्फ नम्बर भएको रू.५०।– दरको र सोभन्दा माथिल्लो दरको नोटको हकमा एकतर्फको पूरा नम्बर भएको आधा नोट पेश गरेमा आधा मूल्य भुक्तानी दिइनेछ ।

तर एकतर्फ मात्र नम्बर भएको नोटको हकमा नम्बर नभएको आधा भागको दावी लाग्नेछैन ।"

698



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) (तेस्रो संशोधन) नियमहरू, २०४१

नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) नियमहरू, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) (तेस्रो संशोधन) नियमहरू २०४१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) नियमहरू, २०१८ को नियम ३ मा संशोधनः नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) नियमहरू, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) खण्ड (ख)को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "दर्ता भएको नोट" भन्नाले एकसयभन्दा माथिल्लो दरको करेन्सी नोट सम्झनुपर्छ ।"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख १) राखिएको छः–

"(ख १) "दर्ता नभएको नोट" भन्नाले दर्ता भएको नोटबाहेक अन्य करेन्सी नोट सम्झनुपर्छ ।"

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "दायाँपट्टिको नम्बर" भन्नाले नोटहरूको दायाँपट्टिको प्रिफेक्स सहित सम्पूर्ण नम्बरलाई सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उप-नियम (१) को खण्ड (क) मा रहेको "बायाँपट्टिको" भन्ने शब्दहरूको सट्टा "दायाँपट्टिको" भन्ने शब्दहरू राखिएका छन् ।

## सूचना ३

मुद्रा ऐन, २०४० को दफा ४ बमोजिम नेपाल परिवार नियोजन संघको रजत जयन्तीको उपलक्ष्यमा नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारको स्वीकृति लिई निम्न डिजाइन, नाप र तौलको मुद्रा टकमरी गराई निष्काशन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

692



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रा रू. ५।–

एकापट्टि:– बाहिरी घेरा वरीपरी चौसट्ठी थोप्ला सोभित्र माथि "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" नामाङ्कित मुनि "५" त्यसको मुनि "रूपैयाँ" सबभन्दा तल "नेपाल २०४१"।

अर्कोपट्टि:– बाहिरी घेरा वरीपरी चौसट्ठी थोप्ला सोभित्र माथि "श्री भवानी" मुनि परिवार नियोजनको चिह्न मुनि "रजत जयन्ती" तल "ने. प. नि. संघ" सबैभन्दा तल "सानो परिवार सुखी परिवार"।

तौल:– ८.५ ग्राम

व्यास:– २९.० मि. मि.

धातु:– ७५% तामा + २५% निक्केल

छाप्ने थान:– ५,००,००० (पाँच लाख)

मिश्रण घटी बढी:– +२

मुद्रा ।५० पैसा

एकापट्टि:– बीचमा ५ को सट्टा ५० र तल रूपैयाँको सट्टा पैसा मात्र राखी अरू सबै ५ रूपैयाँकै सरह गर्ने।

अर्कोपट्टि:– रू. ५।– कै सरह।

तौल:– ३.० ग्राम

व्यास:– २०.० मि. मि.

धातु:– ७५% तामा + २५% निक्केल

छाप्ने संख्या:– १,००,००,०००।– (एक करोड)

मिश्रण घटी बढी:– +२

## सूचना ४

मुद्रा ऐन, २०४० को दफा ४ बमोजिम "जनसंख्या वर्ष २०४१" को उपलक्ष्यमा नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारको स्वीकृति लिई निम्न डिजाईन, नाप र तौलको मुद्रा टकमरी गराई निष्काशन गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

मुद्रा रू. २।–

एकापट्टि:– बाहिरी घेरा वरीपरी चौसट्ठी थोप्ला सोभित्र माथि

६९५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।